नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

# प्रेस विज्ञप्ति

## नागरिक एप मार्फत सामाजिक सुरक्षा कोषको सेवा प्रवाह सम्बन्धमा ।

"लाइन होइन अनलाईनबाट २४ सै घण्टा सरल, सहज र प्रभावकारी सरकारी सेवाका लागि नागरिक एप" भन्ने मूल नाराका साथ सरकारले प्रविधिको अधिकतम प्रयोग गरी आम जनतालाई सहज रूपमा सरकारी सेवा उपलब्ध गराउन नागरिक एपको सार्वजनिक गरिसकेको सर्वविदितै छ ।

सरकारले प्रवाह गर्ने सेवाहरूलाई डिजिटलाइज गरी एकीकृत प्लेटफर्ममार्फत सेवा प्रवाह गर्ने लक्ष्यबमोजिम मोबाइलबाट हात हातमै नागरिक एपमार्फत सेवा प्राप्त गर्न सकिने व्यवस्था मिलाएको सन्दर्भमा सामाजिक सुरक्षा कोषले पनि नागरिक एपमार्फत सेवा प्रवाह गर्ने भएको हुँदा कोषमा जम्मा भएको योगदान रकम तथा अन्य सम्पूर्ण विवरणहरूको जानकारी लिनका निमित्त सम्पूर्ण योगदानकर्ताहरूलाई यो एप डाउनलोड गरी सेवा प्राप्त गर्नुहुन अनुरोध छ ।

नागरिक एपबाट सेवा प्राप्त गर्नका लागि Android मोबाइल प्रयोगकर्ताहरूले Play Store र iphone प्रयोगकर्ताहरूले App Store बाट Nagarik App (Beta) डाउनलोड गर्नुपर्नेछ । हाल आफ्नै नाममा दर्ता भएको मोबाइल नम्बरको आधारमा नेपाल टेलिकम र एनसेलको सिममार्फत एपको प्रयोग गर्न सकिनेछ । एपको प्रयोग गरी सेवा प्राप्त गर्नका लागि सम्बन्धित व्यक्तिले आफ्नो नागरिकता, मतदाता परिचयपत्र वा राहदानीमध्ये कुनै एकको विवरण उल्लेख गर्नुपर्नेछ ।

कोषले प्रवाह गर्ने सेवालाई सहज र प्रविधिमैत्री बनाउने उद्देश्यअनुरूप नागरिक एप मार्फत सर्वसुलभ ढंगले मोबाइलबाटै सेवा प्राप्त गर्न सकिने भएको हुँदा यस एपको प्रयोगबाट समयको वचत हुनुका साथै सार्वजनिक विदाको दिनमा पनि सेवा प्राप्त गर्न सकिन्छ ।

२०७७ माघ १९ गते, सोमबार

२०७७।१०।१९
विवेक पन्थी
प्रवक्ता

जि.स.स. भवन, बबरमहल, काठमाडौं, फोनः ०१-४२५५४६४, ४२५६३१५, ४२५६१४४, फ्याक्सः ०१-४२५५४६३
इमेलः info@ssf.gov.np, ssffund315@gmail.com, वेभः www.ssf.gov.np